# विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिको आर्थिक अनुदान प्राप्त गर्न अन्तिम छनोटको सूची प्रकाशन गरिएकोसम्बन्धी सूचना

**(गोरखापत्र राष्ट्रिय दैनिकमा मितिः २०६८।८।८ मा प्रकाशित)**

यस समितिद्वारा सञ्चालित "वित्तीय सहयोग कार्यक्रम" अन्तर्गत शैक्षिक वर्ष २०६७।०६८ मा कक्षा १० र कक्षा १२ बाट आवेदन दिएका विद्यार्थीहरू मध्येबाट आर्थिक अनुदान प्राप्त गर्न अन्तिम छनोट सूची प्रकाशन गरिएको छ। छनोटमा परेका विद्यार्थीहरूको छनोट नतिजा नेपाल टेलिकमको सबै प्रकारका फोनबाट सुरुमा १६४० र त्यसपछि सुनिने निर्देशनअनुसार आफ्नो S.L.C. तथा उ.मा.वि. को रजिष्ट्रेशन नम्बर डायल गरी प्राप्त गर्न सकिनेछ। नतिजा समितिको website , www.sfafdb.edu.np मा पनि उपलब्ध छ। जिल्लाअनुसारको छनोट सूची सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरूमा पनि पठाइएको छ।

छनोटमा परेका विद्यार्थीहरूले ४५ दिनभित्रमा राष्ट्रिय वाणिज्य बैंकमा अथवा उक्त बैंक नभएका जिल्लाहरूमा नेपाल बैंक लिमिटेडमा खाता खोली **नागरिकता प्रमाणपत्रको प्रतिलिपि, हाल अध्ययनरत शैक्षिक संस्थामा भर्ना भएको प्रमाण खुल्ने सिफारिस एवं विद्यार्थी कबुलियतनामा** अनिवार्यरूपमा बुझाउनुहुन यो सूचना प्रसारण गरिएको छ।

कबुलियतनामा राष्ट्रिय वाणिज्य बैंकको website : www.rbb.com.np अथवा समितिको website : www.sfafdb.edu.np बाट डाउनलोड गर्न सकिनेछ।

**थप जानकारीका लागि :**

**नोटिस बोर्ड नं. : १६१८-०७०७-१००१० डायल गर्नुहोला।**